मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २५९ ● २०८३ साल भाद्र ०९ गते मंगलबार ● Tuesday 25, August 2026 ● सूर्योदय: बिहान ०५:५८ बजे ● सूर्यास्त: साँझ ०६:३३ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## महानगरमा सुशासनको प्रश्न, नतिजा निकाल्न किन सकस ?

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले शैक्षिक सत्र २०८३ का लागि कक्षा ९ र ११ का जेहेन्दार तथा विपन्न विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न लिएको लिखित परीक्षा भएको दुई महिना बितिसक्दा पनि नतिजा सार्वजनिक हुनसकेको छैन।
महानगरपालिकाले चार परीक्षा केन्द्रमा सञ्चालन गरेको परीक्षामा कक्षा ९ का ९ सय ५७ र कक्षा ११ का १ हजार ४ सय ६१ गरी कुल २ हजार ४ सय १८ विद्यार्थीले आवेदन दिएका थिए। परीक्षामा १ सय वटा वस्तुगत प्रश्न सोधिएको थियो । परीक्षार्थी विद्यार्थीको विद्यालय भर्ना हुने समय नजिकिँदै गए पनि छात्रवृत्ति परीक्षाको नतिजा सार्वजनिक नहुँदा विद्यार्थी र अभिभावक अन्योलमा परेका छन्।
अभिभावकहरूले तत्काल नतिजा सार्वजनिक गर्न माग गरेका छन् । नतिजा सार्वजनिक गर्न ढिलाइ भए विरोधमा उत्रिने चेतावनीसमेत उनीहरूले दिएका छन् । महानगरपालिकाका एक कर्मचारीका अनुसार परीक्षाको प्रश्नपत्र जाँच भइसकेको भए पनि नतिजा अद्यावधिक गर्ने काम बाँकी रहेकाले परीक्षाफल सार्वजनिक गर्न ढिलाइ भएको हो। आर्थिक रूपमा विपन्न तथा अध्ययनमा उत्कृष्ट, जेहेन्दार विद्यार्थीलाई महानगरले छात्रवृत्ति उपलब्ध गराउदै आएको छ।

# गरिमा हत्या प्रकरण:
# गोप्य भिडियो सामाजिक सञ्जालमा भाइरल !

*अदालतमा अभियोगसमेत दायर नभएको अवस्थामा प्रहरी नियन्त्रणमा रहेका १६ वर्षीय नाबालकको अस्पतालभित्रको बयान भिडियो सामाजिक सञ्जालमा छरपस्ट भएपछि अनुसन्धान प्रक्रिया, प्रहरीको जिम्मेवारी र वैयक्तिक गोपनीयताको अधिकारमाथि गम्भीर प्रश्न उठेको छ।*



**मधेशदृष्टि**
**कलैया।**
बाराको जितपुरसिमरा क्षेत्रमा तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनामा पक्राउ परेका १६ वर्षीय नाबालकसँग चिकित्सकले कलैया अस्पतालस्थित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) मा परामर्श गरिरहेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि राज्य संयन्त्रमाथि नै प्रश्न उठेको हो। शव भेटिएकै दिन पक्राउ परेका ती नाबालकलाई स्वास्थ्य परीक्षण तथा मनोसामाजिक परामर्शका लागि अस्पताल लगिएको थियो । ओसीएमसीमा चिकित्सकले घटनासम्बन्धी कुराकानी गरिरहेको दृश्य भिडियोमा देखिन्छ । अझ गम्भीर पक्ष के छ भने भिडियोमा प्रहरी र अस्पतालका कर्मचारीसमेत देखिन्छन् र त्यहीँबाट भिडियो खिचिएको देखिन्छ।
ओसीएमसी जस्तो संवेदनशील कक्षमा प्रहरी र अस्पतालका कर्मचारीबाहेक अन्य व्यक्तिलाई प्रवेश अनुमति नहुने बताइएको अवस्थामा गोप्य राखिनुपर्ने भिडियो सामाजिक सञ्जालसम्म कसरी पुग्यो ? कसले खिच्यो ? कसले बाहिर ल्यायो ? र सार्वजनिक हुनुअघि कसले रोक्नुपर्ने जिम्मेवारी पूरा गरेन ? यी प्रश्न अहिले गम्भीर बनेका छन्। सार्वजनिक भिडियोमा नाबालकले घटनाका विषयमा बयान दिइरहेको देखिन्छ । उनले आफू मात्र नभई अर्का व्यक्तिको समेत संलग्नता रहेको उल्लेख गरेको भनिएको छ । तर अनुसन्धानकै क्रममा रहेको बयानलाई सामाजिक सञ्जालमा सार्वजनिक गरेर त्यसलाई प्रमाण वा अन्तिम सत्यका रूपमा प्रस्तुत गर्नु आफैंमा कानुनी प्रक्रियामाथि प्रश्न उठाउने विषय हो।

- **कानुनले रोक्छ, तर भिडियो कसरी बाहिरियो ?**

नेपालको संविधानको धारा २८ ले प्रत्येक व्यक्तिको गोपनीयताको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । त्यसैगरी वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ ले अनुसन्धानको क्रममा रहेका व्यक्तिको पहिचान तथा विवरण सार्वजनिक गर्नेसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरेको छ । ऐनको दफा १७ को मूल भावअनुसार, कानुनबमोजिम अनुसन्धानको सिलसिलामा रहेको व्यक्तिविरुद्ध अभियोगपत्र दायर नभएसम्म निजलाई अधिकारप्राप्त अधिकारीले कुनै पनि तरिकाले सार्वजनिक गर्न वा गराउन हुँदैन।
त्यसो भए 'प्रहरीकै नियन्त्रणमा रहेको, अदालतमा समेत पेश नभइसकेको नाबालकको बयान भिडियो सामाजिक सञ्जालमा कसरी पुग्यो ?' यदि अनुसन्धानका क्रममा भिडियो खिचिएको हो भने त्यो भिडियो सुरक्षित राख्ने, पहुँच नियन्त्रण गर्ने र अनधिकृत रूपमा बाहिरिन नदिने जिम्मेवारी कसको थियो ? यदि अस्पतालभित्रबाट बाहिरिएको हो भने अस्पताल प्रशासनको सुरक्षा प्रणालीमाथि प्रश्न उठ्छ। यदि प्रहरीतर्फबाट चुहिएको हो भने प्रहरीको अनुसन्धान प्रणाली र जिम्मेवारीमाथि प्रश्न उठ्छ।
मधेश प्रदेश प्रहरीले आन्तरिक छानबिन सुरु गरेको जनाएको छ।
प्रहरी प्रवक्ताले यस्तो कार्य हुनु नहुने भन्दै भिडियो कसरी र कसको संलग्नतामा बाहिरियो भन्नेबारे अनुसन्धान भइरहेको बताइएको छ । कलैया अस्पतालले पनि आफ्नोतर्फबाट गल्ती भएको भए अनुसन्धानमा सहयोग गर्ने जनाएको छ। तर छानबिन सुरु भयो भनेर मात्र प्रश्न सकिँदैन। सार्वजनिक भएको संवेदनशील सामग्री कसरी बाहिरियो भन्ने तथ्य सार्वजनिक हुनुपर्छ र जिम्मेवार व्यक्ति वा संस्थामाथि कानुनअनुसार कारबाही हुनुपर्छ।

- **नाबालकको बयान 'भाइरल कन्टेन्ट' होइन**

बलात्कार र हत्या जस्तो गम्भीर अपराधको अनुसन्धान हुनु आवश्यक छ । दोषी प्रमाणित भए कानुनअनुसार सजाय हुनुपर्छ । पीडित परिवारले न्याय पाउनुपर्छ । तर न्यायको खोजीमा कानुनी प्रक्रिया नै मिच्न पाइँदैन। अझ यो विषयमा एक नाबालक जोडिएको छ। नाबालकको पहिचान, बयान, मानसिक अवस्था र भविष्यमा पर्न सक्ने प्रभावलाई सामान्य आरोपितको भन्दा अझ संवेदनशील ढंगले हेर्नुपर्ने हुन्छ । अदालतको फैसला आउनुअघि अनुसन्धानमा रहेको व्यक्तिको बयान सार्वजनिक गरेर सामाजिक सञ्जालमा फैसला सुनाउने प्रवृत्तिले न्यायिक प्रक्रियालाई कमजोर बनाउन सक्छ । अनुसन्धानको क्रममा लिइएको बयान अनुसन्धानको अंग हो, 'सामाजिक सञ्जालको मनोरञ्जन सामग्री होइन।' प्रेस काउन्सिल नेपालका अध्यक्ष उमेश श्रेष्ठले समेत अदालतको फैसला नआउँदै नाबालकको बयानको भिडियो सार्वजनिक हुनु न्यायको प्रक्रिया नभएको बताएका छन्। उनको भनाइ झनै महत्वपूर्ण छ पीडितको पीडा 'कन्टेन्ट' होइन र अभियुक्तको बयान 'भाइरल सामग्री' होइन।

- **सञ्चारमाध्यम पनि जिम्मेवार बन्नैपर्छ**

सामाजिक सञ्जालमा कुनै सामग्री भाइरल हुँदैमा त्यसलाई पुनःप्रसारण गर्नु पत्रकारिताको दायित्व होइन । विशेषगरी बालबालिका, बलात्कार, हत्या र अनुसन्धानाधीन मुद्दासँग सम्बन्धित सामग्रीमा सञ्चारमाध्यमले सार्वजनिक हित, पीडितको सम्मान, नाबालकको अधिकार र न्यायिक प्रक्रियाबीच सन्तुलन कायम गर्नुपर्छ । 'भाइरल' हुनु समाचारको प्रमाण होइन । 'भिडियो छ' भन्दैमा त्यसको सत्यता स्थापित हुँदैन । अनुसन्धानमा रहेको बयानलाई सम्पादन, प्रसारण वा सामाजिक सञ्जालमा फैलाउँदा अनुसन्धान प्रभावित हुन सक्छ, सम्बन्धित व्यक्तिको अधिकारमा क्षति पुग्न सक्छ र अदालतमा प्रमाणको मूल्याङ्कनसमेत प्रभावित पार्ने प्रयास हुन सक्छ।

- **अब छानबिन मात्र होइन, जवाफ चाहिन्छ**

यो घटनामा प्रहरी र अस्पताल दुवैले छानबिन गरिरहेको बताएका छन्। तर छानबिनको परिणाम गोप्य राखेर मात्र पुग्दैन। भिडियो कसले खिच्यो ? खिच्न अनुमति कसले दियो ? भिडियो कसको नियन्त्रणमा थियो ? ओसीएमसीबाट बाहिर कसरी पुग्यो ? प्रहरी वा अस्पतालका कुन–कुन व्यक्तिको पहुँच थियो ? सामाजिक सञ्जालमा सार्वजनिक गर्न कसले भूमिका खेल्यो ? गोपनीयता भंग भएको भए जिम्मेवार व्यक्ति को हो ? र नाबालकको अधिकार उल्लंघन भएको भए त्यसको कानुनी उपचार के हुन्छ ? यी प्रश्नको तथ्यगत र सार्वजनिक जवाफ आवश्यक छ।
तीन वर्षीया बालिकामाथि भएको जघन्य अपराधको निष्पक्ष अनुसन्धान र न्याय सबैभन्दा महत्वपूर्ण विषय हो । तर त्यसैको नाममा अर्को कानुनी अधिकार कुल्चिन मिल्दैन। अपराधको अनुसन्धान गर तर कानुन मिचेर होइन। दोषीलाई कारबाही गर तर अदालतको अधिकार खोसेर होइन । पीडितलाई न्याय देऊ तर नाबालकको गोपनीयता बेचेर होइन।
अब सञ्चार तथा कानुन मन्त्रालय, गृह प्रशासन, नेपाल प्रहरी र सम्बन्धित स्वास्थ्य संस्थाले जवाफ दिनुपर्ने बेला आएको छ 'वैयक्तिक गोपनीयताको कानुन पहुँचवालाको सुरक्षा कवच मात्र होइन, प्रत्येक नागरिक र प्रत्येक नाबालकको समान अधिकार हो।'

## एकजना प्रहरीसहित थप एक अभियुक्त पक्राउ

बाराकी ३ वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या घटनामा आरोपित किशोरको बयान भिडिओ खिच्ने र सार्वजनिक गर्ने प्रहरी कर्मचारी पक्राउ परेका छन्। किशोरको बयान चलिरहेको बेलामा भिडिओ खिचेर सार्वजनिक गरेको आरोपमा बाराका प्रहरी हवल्दार कुमार विक पक्राउ परेका हुन्।
उनलाई नियन्त्रणमा लिएर फौजदारी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराका एसपी नरेन्द्र कुँवरले जानकारी दिए। भिडियो सार्वजनिक भएपछि पीडित परिवारजनलाई थप पीडा पुगेको छ भने अनुसन्धानको निष्पक्षता, आरोपितको गोपनीयता तथा प्रमाणको सुरक्षामाथि समेत प्रश्न उठेको छ।
यसैविच बालीका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जितपुर सिमरा उपमहानगरपालिका–१ सिमरा निवासी प्रदीप खड्का रहेका छन् । उनी विद्यार्थी रहेको प्रहरीले जनाएको छ । गरिमा भदौ २ गते साँझ जितपुर सिमरा उपमहानगरपालिका–१ मा मृत अवस्थामा फेला परेकी थिइन्। उनी घरबाट हराएको तीन दिनपछि मृत भेटिएकी थिइन्। घटनाको अनुसन्धानका क्रममा खड्कासहित हालसम्म नौ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले जानकारी दिएकाछन्।
पछिल्लो पटक पक्राउ गरिएका खडकाको संलग्नता बारे हाल भाइरल भइरहेको भिडियोमा पनि एक अभियुक्तले बताएका छन् । अनुसन्धानका लागि नियन्त्रणमा लिइएकाहरू मध्ये निर्दोष देखिएकाहरूलाई छिट्टै मुक्त गरिने प्रहरीले बताएको छ।

## भलुवाही खोलामा खुलेआम अवैध उत्खनन, प्रहरीकै संरक्षणमा ढुंगा–बालुवा तस्करी




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पटेर्वासुगौली गाउँपालिकास्थित भलुवाही खोलाको भतौडा घाटमा प्राकृतिक स्रोतको अवैध दोहन खुलेआम भइरहेको छ । स्थानीयका अनुसार घाटबाट दैनिक १० देखि २० ट्र्याक्टरसम्म ढुंगा तथा बालुवा अवैध रूपमा उत्खनन गरी विभिन्न स्थानमा ढुवानी भइरहेको छ। स्थानीयले दिएको जानकारीअनुसार भलुवाही खोलाको भतौडा घाटमा लामो समयदेखि उत्खननको नाममा प्राकृतिक स्रोतको दोहन भइरहेको छ । बिहानदेखि साँझसम्म ट्र्याक्टरमार्फत ढुंगा र बालुवा निकालेर लैजाने क्रम चलिरहेपनि सम्बन्धित निकायले प्रभावकारी रूपमा नियन्त्रण गर्न नसकेको स्थानीयको गुनासो छ।
अवैध उत्खनन तथा ढुवानीमा ठूलो देकुलीका विनोद साह तेली र कञ्चनपुरका सुलेमान मियाँ दर्जी लगायतका व्यक्तिहरू प्रत्यक्ष रूपमा संलग्न रहेको स्थानीयको आरोप छ। उनीहरूले खोलाबाट ठूलो परिमाणमा ढुंगा तथा बालुवा निकालेर नियमित रूपमा ट्र्याक्टरमार्फत ढुवानी गरिरहेको बताइएको छ । यस अवैध गतिविधिमा इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका सुरक्षाकर्मीहरूको समेत मिलेमतो र संरक्षण रहेको स्थानीयको दाबी छ । कानुन कार्यान्वयन गर्ने जिम्मेवारी पाएको प्रहरीकै संरक्षणमा अवैध उत्खनन भइरहेको आरोपले स्थानीय प्रशासन र सुरक्षा संयन्त्रमाथि नै गम्भीर प्रश्न खडा गरेको छ । स्थानीयका अनुसार प्रहरीको उपस्थिति र निगरानीकैबीच दैनिक ठूलो संख्यामा ट्र्याक्टर खोलामा प्रवेश गर्ने र ढुंगा–बालुवा बोकेर बाहिरिने गरेका छन्।
तर अवैध उत्खनन नियन्त्रण गर्नुपर्ने प्रहरीबाट प्रभावकारी हस्तक्षेप नभएको उनीहरूको आरोप छ। प्राकृतिक स्रोतको अनियन्त्रित उत्खननले खोलाको स्वरूप बिग्रनुका साथै वातावरणीय सन्तुलनमा समेत गम्भीर असर पर्न सक्ने स्थानीयको चिन्ता छ। खोलाको गहिराइ र धार परिवर्तन हुँदा आसपासका बस्ती, कृषि क्षेत्र तथा सार्वजनिक संरचनामा समेत जोखिम बढ्न सक्ने उनीहरूको भनाइ छ।
स्थानीयहरूका अनुसार अवैध उत्खननको विरोध गर्ने वा सम्बन्धित निकायमा जानकारी गराउने प्रयास गर्दा समेत आफूहरू असुरक्षित महसुस गर्ने अवस्था बनेको छ। प्रहरीकै संरक्षण रहेको आशंका भएपछि खुलेर विरोध गर्नसमेत सर्वसाधारण डराउनुपर्ने अवस्था सिर्जना भएको उनीहरूको गुनासो छ। प्राकृतिक स्रोतको संरक्षण तथा अवैध उत्खनन नियन्त्रणका लागि स्थानीय तह, प्रशासन, प्रहरी र सम्बन्धित निकायले तत्काल स्थलगत अनुगमन गरी सत्यतथ्य छानबिन गर्नुपर्ने माग स्थानीयले गरेका छन्।
साथै, अवैध उत्खननमा संलग्न व्यक्ति मात्र होइन, त्यसलाई संरक्षण वा सहजीकरण गर्ने कुनै पनि सरकारी कर्मचारी वा सुरक्षाकर्मीको संलग्नता पुष्टि भए कानुनअनुसार कारबाही हुनुपर्ने उनीहरूको माग छ । भलुवाही खोलाको भतौडा घाटमा भइरहेको भनिएको अवैध उत्खननबारे सम्बन्धित निकायले तत्काल छानबिन नगरे प्राकृतिक स्रोतको दोहन थप बढ्ने र प्रहरी प्रशासनप्रतिको जनविश्वासमा समेत गम्भीर असर पर्ने स्थानीयको चेतावनी छ।

## गरिमा चौधरी हत्या प्रकरणले तात्यो प्रतिनिधिसभा, सरकारमाथि सांसदको प्रश्न



बाराको सिमरामा बलात्कारपछि हत्या गरिएकी तीन वर्षीया गरिमा चौधरीको घटनालाई लिएर सोमबार बसेको प्रतिनिधिसभा बैठकमा सरकारमाथि सांसदहरूले कडा प्रश्न उठाएका छन्। सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले घटनामा संलग्न दोषीलाई कडा कारबाही, पीडित परिवारलाई न्याय र राज्यको जवाफदेहिता सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराएका हुन्। नेपाली कांग्रेसकी सांसद प्रमिलाकुमारी गच्छदारले गरिमा चौधरीको सालिक निर्माण र राहत वितरणले मात्रै न्याय नहुने बताइन्। पीडित परिवारसँग सरकारले गरेको सहमतिप्रति प्रश्न उठाउँदै उनले राहत र सहमतिपत्रले दीर्घकालीन न्यायको अनुभूति गराउन नसक्ने बताइन् । 'एउटा सालिक ठड्याएर तीन वर्षीया बालिकाको जीवन फिर्ता आउँछ ?' भन्दै उनले जघन्य अपराधका घटनालाई मिलापत्र गराउने वा

*बाँकी पृष्ठ ३ मा*

सम्पादकीय

## गोप्य बयान छयापछयाप्ती:

# कानुनको पहरा कहाँ थियो ?

तीन वर्षीया बालिकामाथि भएको बलात्कारपछि हत्या जस्तो जघन्य घटनाले समाजलाई स्तब्ध बनाएको छ । दोषी जोसुकै होस्, उसलाई कानुनको कठघरामा उभ्याउनु र पीडित परिवारलाई न्याय दिलाउनु राज्यको पहिलो दायित्व हो । तर न्यायको खोजीमा राज्यकै संयन्त्रले कानुन र गोपनीयताको सीमारेखा मिच्न थाल्यो भने त्यसले अर्को गम्भीर प्रश्न जन्माउँछ 'हामी अपराध नियन्त्रण गर्दैछौँ कि कानुनी प्रक्रियाकै आधार कमजोर बनाउँदैछौँ ?' बाराको घटनामा प्रहरी नियन्त्रणमा रहेका १६ वर्षीय नाबालकलाई कलैया अस्पतालस्थित लैङ्गिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) मा चिकित्सकले परामर्श गरिरहेको भिडियो सामाजिक सञ्जालमा छयापछयाप्ती भएपछि यही प्रश्न अहिले सबैभन्दा पेचिलो बनेको छ । अझ गम्भीर कुरा, भिडियोमा नाबालकसँगै प्रहरी तथा अस्पतालका कर्मचारीसमेत देखिन्छन् । ओसीएमसीजस्तो संवेदनशील स्थानमा बाहिरी व्यक्तिको प्रवेश सीमित हुने अवस्थामा खिचिएको भनिएको भिडियो आखिर सामाजिक सञ्जालसम्म कसरी पुग्यो ?

यो सामान्य भिडियो चुहावटको घटना होइन । यो 'अनुसन्धानको गोपनीयता, नाबालकको अधिकार, प्रहरीको व्यावसायिकता, अस्पतालको जिम्मेवारी र राज्यको कानुनी प्रतिबद्धता' सँग जोडिएको विषय हो । नेपालको संविधानले प्रत्येक व्यक्तिको गोपनीयताको हक सुनिश्चित गरेको छ । वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ ले पनि अनुसन्धानको क्रममा रहेका व्यक्तिलाई अभियोगपत्र दायर हुनुअघि सार्वजनिक गर्न नहुनेसम्बन्धी व्यवस्था गरेको छ । यस्तो कानुनी व्यवस्था हुँदाहुँदै प्रहरी नियन्त्रणमा रहेको नाबालकको बयान भिडियो बाहिरिनु आफैंमा गम्भीर विषय हो । हामी एउटा कुरा स्पष्ट हुनुपर्छ 'अपराध गम्भीर हुँदैमा कानुन गौण हुँदैन ।' अपराध जति जघन्य भएपनि अनुसन्धान कानुनकै सीमाभित्र हुनुपर्छ । दोषीलाई सजाय दिलाउने सबैभन्दा बलियो आधार नै निष्पक्ष, प्रमाणमा आधारित र कानुनसम्मत अनुसन्धान हो । अनुसन्धानको नाममा गोप्य बयान सार्वजनिक गरेर सामाजिक सञ्जालमा जनअदालत चलाउने हो भने त्यसले न्यायलाई बलियो बनाउँदैन, बरु कमजोर बनाउँछ ।

विशेषगरी यो घटनामा नाबालक जोडिएको छ । नाबालकले अपराध गरेको आरोप लागेको छ भने पनि उसको अधिकार समाप्त हुँदैन । दोषी प्रमाणित भए कानुनअनुसार कारबाही हुन्छ, तर फैसला नहुँदै उसको बयानलाई सार्वजनिक गरेर सामाजिक सञ्जालमा छयापछयाप्ती फैलाउनु न्यायिक प्रक्रियाको विकल्प हुन सक्दैन । अझ चिन्ताजनक पक्ष के हो भने भिडियोमा नाबालकले घटनासम्बन्धी विवरण दिइरहेको देखिन्छ । उनले आफू मात्र नभई अर्का व्यक्तिको समेत संलग्नता रहेको उल्लेख गरेको भनिएको छ । तर अनुसन्धानका क्रममा दिइएको कुनैपनि बयानलाई अन्तिम सत्य मान्ने अधिकार सामाजिक सञ्जाललाई छैन । 'बयान प्रमाणको एउटा हिस्सा हुन सक्छ, फैसला होइन ।' त्यसैले यो भिडियो कसले खिच्यो ? कसले सुरक्षित राख्नुपर्ने थियो ? कसको पहुँचमा थियो ? कसले बाहिर पठायो ? सामाजिक सञ्जालमा पुऱ्याउने व्यक्तिसम्म त्यो कसरी पुग्यो ? प्रहरीको कमजोरी थियो कि अस्पतालको ? अथवा दुवै संयन्त्रबीचको समन्वयमा गम्भीर त्रुटि भयो ? भन्ने गम्भीर प्रश्न उब्जिएको छ ।

मधेश प्रदेश प्रहरी र कलैया अस्पतालले घटनाबारे छानबिन भइरहेको बताएको छ । यो स्वागतयोग्य कदम हो । तर छानबिन सुरु भएको सूचना मात्र पर्याप्त छैन । परिणाम पनि सार्वजनिक हुनुपर्छ । गोपनीयता भंग भएको हो भने जिम्मेवार व्यक्तिको पहिचान हुनुपर्छ र कानुनले तोकेको कारबाही हुनुपर्छ । किनभने भोलि अर्को अनुसन्धानमा पनि यस्तै भिडियो बाहिरिएन भन्ने सुनिश्चितता अहिले नै गर्नुपर्ने हुन्छ । यो प्रकरणले प्रहरी संगठनको कार्यशैलीमाथि पनि गम्भीर आत्मसमीक्षा मागेको छ । प्रहरी अनुसन्धानको क्रममा संकलित भिडियो, बयान, कागजात र अन्य प्रमाणहरू अत्यन्त संवेदनशील हुन्छन् । त्यस्ता सामग्री कसको नियन्त्रणमा रहने, कसले हेर्न पाउने, कसरी सुरक्षित राख्ने र अनधिकृत रूपमा बाहिरिएमा कसलाई जिम्मेवार बनाउने भन्ने विषयमा स्पष्ट प्रणाली हुनुपर्छ ।

त्यस्तै अस्पताल र ओसीएमसीको भूमिकामाथि पनि प्रश्न उठेको छ । पीडित वा आरोपितको स्वास्थ्य परीक्षण तथा मनोसामाजिक परामर्शका लागि बनाइएको संवेदनशील कक्ष नै भिडियो चुहावटको माध्यम बन्न पुग्यो भने त्यो व्यवस्थापनको गम्भीर कमजोरी हो । यस्तो स्थानमा मोबाइल फोन र रेकर्डिङसम्बन्धी स्पष्ट नियन्त्रण हुनुपर्छ । अर्को पक्ष सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताको पनि हो । भाइरल सामग्री समाचारको पर्याय होइन । कुनै भिडियो हजारौँ पटक शेयर हुँदैमा त्यो सत्य, प्रमाणित वा सार्वजनिक हितमा अनिवार्य सामग्री हुँदैन । विशेषगरी बलात्कार, हत्या र नाबालकसँग सम्बन्धित संवेदनशील सामग्रीमा जिम्मेवारी अझ बढी हुन्छ । पत्रकारिताले अपराध लुकाउनु हुँदैन, तर अपराध अनुसन्धानलाई तमासा पनि बनाउनु हुँदैन । पीडितको पीडा दर्शक बढाउने सामग्री होइन । नाबालकको बयान क्लिक र भ्युका लागि प्रयोग गर्ने वस्तु होइन । न्यायलाई 'कन्टेन्ट' बनाएर बेच्ने प्रवृत्ति अन्ततः समाजकै संवेदनशीलता समाप्त गर्ने बाटो हो ।

यस घटनाले अर्को असहज प्रश्न पनि उठाएको छ 'व्यक्तिगत गोपनीयताको हक सबै नागरिकका लागि समान रूपमा लागू हुन्छ कि पहुँच र हैसियत हेरेर ?' यदि सत्तानिकट वा भिआइपी व्यक्तिको व्यक्तिगत विवरण सार्वजनिक हुँदा गोपनीयताको अधिकार सम्झिन्छौँ भने प्रहरी नियन्त्रणमा रहेका सामान्य नागरिक र नाबालकको अधिकार पनि त्यत्तिकै महत्वपूर्ण हुनुपर्छ । कानुनको शक्ति त्यतिबेला प्रमाणित हुन्छ, जब त्यसले शक्तिशाली र कमजोर दुवैलाई समान संरक्षण दिन्छ । त्यसैले सञ्चार तथा कानुन मन्त्रालय, गृह प्रशासन, नेपाल प्रहरी र सम्बन्धित स्वास्थ्य संस्थाले यस घटनालाई एउटा सामान्य 'भिडियो लिक' का रूपमा नलिऊन् । यो 'कानुनी शासनको परीक्षा' हो । दोषीलाई कारबाही गरियोस् । पीडितलाई न्याय दिइयोस् । अनुसन्धान निष्पक्ष बनाइयोस् । तर त्यसका नाममा नाबालकको गोपनीयता र कानुनी अधिकारको हत्या नगरियोस् ।

अब जनताले जवाफ खोजिरहेका छन् 'कानुनले गोप्य राख्न भनेको बयान सामाजिक सञ्जालमा छयापछयाप्ती पु¥याउने को हो ?' त्यसको जवाफ नआएसम्म यो प्रश्न उठिरहनेछ । अपराधीलाई कानुनको कठघरामा उभ्याउनुपर्छ, तर कानुनको कठघराभन्दा माथि राज्यका कुनै संयन्त्रलाई राखिनु हुँदैन । यस घटनाबाट राज्यले पाठ सिक्नुपर्छ 'न्यायको नाममा गोपनीयता नबेचौँ, अनुसन्धानको नाममा कानुन नतोडौँ र भाइरलको नाममा नाबालकको भविष्य नजलाऔँ ।'

# इतिहासलाई पर्यटनसँग जोड्दै मकवानपुरगढी दरबार

वासुदेव पौडेल/शिव चौलागाइँ

**बागमती ।**
मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका–२ मा अवस्थित मकवानपुरगढी दरबार तत्कालीन सेनवंशी राजाहरूको दरबार हो । सेनवंशी राजाको इतिहासदेखि नेपाल एकीकरणका ऐतिहासिक पक्षहरूको जीवन्त साक्षी यो दरबार वर्तमानमा भने मकवानपुरकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा चासो र चर्चा कमाएको छ । बागमती प्रदेशको राजधानी समेत रहेको हेटौँडाबाट करिब १६ किलोमिटर पूर्व कान्ति राजपथ सडकसँगै समुद्री सतहदेखि एक हजार १७ मिटर उचाइमा रहेको यस गढीले नेपालको एकीकरण हुनुपूर्व सेनवंशीय शासनको ऐतिहासिक विरासतको जीवन्त इतिहासलाई झल्काउने गरेको छ । यो गढीले परम्परागत तर तत्कालीन उन्नत वास्तुकलाको ज्वलन्त उदाहरणसँगै उक्त कालखण्डको राज्यको सुरक्षात्मक उपायलाई जीवन्त रुपमा चित्रण गरेको छ । सेन वंशका राजाहरूले १३औँ शताब्दीको सुरुतिर यहाँ शासन गरेको इतिहास पाइन्छ । सेनवंशका प्रतापी राजा मुकुन्द सेनकै नामबाट मुकुन्दपुर, माकन्दपुर, मुकुनपुरको अपभ्रंश हुँदै मकवानपुर नामकरण भएको पाइन्छ । यस गढीलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नेगरी विभिन्न पूर्वाधार निर्माणका कामहरू अघि बढाइएको मकवानपुरगढी गाउँपालिका–२ का वडाध्यक्ष बखानसिंह पाख्रिनले जानकारी दिए ।

उनका अनुसार मकवानपुरगढी क्षेत्र करिब पाँच बिघा क्षेत्रफलमा फैलिएको छ । गढी क्षेत्रलाई व्यवस्थित गर्नेगरी तारबारका साथै विभिन्न किसिमका पूर्वाधार निर्माण गरिएको छ । पूर्वाधार विकासका क्रममा हालसम्म करिब रु आठ करोड लगानी भइसकेको जानकारी दिए । पाल्पाका राजा मुकुन्द सेनले आफ्ना चार छोरालाई राज्य बाँडेकामा मकवानपुर उनका कान्छा छोरा लुहाङको भागमा परेको थियो । इतिहासअनुसार राज्यलाई सुरक्षित गराउन लुहाङले विसं १६२२ मा मकवानपुरगढी निर्माण गरेका थिए । नेपालमा रहेका विभिन्न गढीमध्ये यो गढी सबैभन्दा ठूलो मानिन्छ । गढीको सुरक्षार्थ लागि वरिपरि लगाइएको २५ फिट अग्लो र सात फिट चौडाइ भएको पर्खालले इतिहास मात्र नझल्काई तत्कालीन कलाशिल्पलाई पनि उजागर गरिरहेको छ । मकवानपुर राज्यको पराजयपछि राजा दिगबन्धन सेन र मन्त्री कनकसिंह बानियाँको आग्रहमा पृथ्वीनारायण शाहको गोर्खाली सेनाविरुद्ध बङ्गालका तत्कालीन नवाव मिरकासिमले गुरगिल खाँको नेतृत्वमा मकवानपुरमा हमला गर्न पठाएका करिब दुई हजार ५०० मुगल सेनाका फैजलाई गोर्खाली सेनापतिहरू वंशराज पाण्डे, केहरसिंह बस्नेत र रामकृष्ण कुँवर, नेतृत्वको गोर्खाली फौजले सन् १७६३ जनवरी २० मा परास्त गरी भगाएका थिए । त्यही सम्झनामा हरेक वर्ष माघ १० गते विजयोत्सव मनाउने गरिएको छ ।

गोर्खाली सेनाले विदेशी सेनासित लडेको पहिलो युद्धका रुपमा यसलाई लिइन्छ । पहिलो विजयोत्सव मनाउँदा तत्कालीन राजा पृथ्वीनारायण शाह स्वयम् गढीमा उपस्थित भई कार्यक्रममा सहभागी भएका थिए । सोही समयदेखि उक्त स्थानमा विजयोत्सव मनाउन थालिएकामा स्थानीय तहहरू सक्रिय भएसँगै २०७४ सालयता यसको व्यवस्थापन वडा कार्यालयले नै गर्दै आएको अध्यक्ष पाख्रिनले जानकारी दिए । नेपालको इतिहासमा विदेशी सेनालाई पहिलोपटक नेपाली भूमिमा पराजित गरेकाले मकवानपुरगढी दरवारको नेपालका अन्य गढीहरूको तुलनामा विशिष्ट महत्वको मानिन्छ । मकवानपुरगढीको लड़ाइँमा गोर्खाली फौजले विजय प्राप्त नगरेको भए नेपाल एकीकरणको महान् अभियान साकार हुन कठिन हुने अनुमानका कारण पनि यस गढीलाई अत्यन्त महत्वका साथ हेर्ने गरिएको छ । इतिहासअनुसार प्राचीनकालमा नेपाल एउटा सिङ्गो राज्यका रुपमा नभएर विभिन्न स–साना राज्यहरुमा विभाजित थियो । तत्कालीन समयका राजाहरुले आफ्नो राज्यको सुरक्षाका निम्ति कोट, गढी, किल्लाहरू निर्माण गरी सैनिकहरूलाई तैनाथ गर्ने गर्दथे । तिनै गढीमध्ये मकवानपुर जिल्लाको मकवानपुरगढी पनि एउटा लामो र महत्वपूर्ण इतिहास बोकेको गढी हो ।

नेपालको एकीकरणपूर्व मकवानपुर एउटा स्वतन्त्र र प्रख्यात सेन राज्यका रुपमा चिनिन्थ्यो । पूर्वका तीनवटा सेन राजाहरुले स्थापना गरेका राज्यहरूमध्ये मकवानपुर राज्य पुरानो हो भने मकवानपुरगढी उक्त राज्यको प्रशासनिक, सामाजिक र व्यापारिक केन्द्र हो । मकवानपुरगढीको इतिहासलाई जीवन्त राख्दै यसको पर्यटकीय विकास सरकारको प्राथमिकतामा रहेको छ भने दरबारलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न मकवानपुरगढी गाउँपालिका निरन्तर लागिरहेको वडाध्यक्ष पाख्रिनले जानकारी दिए । दरबार परिसरमा प्रवेश गर्नका लागि आकर्षक प्रवेशद्वारसँगै दरबारसम्म पुग्नका लागि तलैबाट सिँढीबाटो निर्माण गरिएको छ । सिँढीबाट उक्लिने क्रममा सेतो एकदन्ते हात्तीको प्रतिमा देख्न सकिन्छ । हेमकर्ण सेनले आफ्नी छोरीको विवाह गोरखाका युवराज पृथ्वीनारायण शाहसँग गराएका थिए । कन्यादानको अवसरमा छोरीलाई गजमोतीको हार लगाइदिएको, बहुमूल्य उपहारहरू प्रदान गरिएको र वैवाहिक सम्मानस्वरूप नवदम्पतीलाई एकदन्ते सेतो हात्तीमा चढाएर बिदाइ गरिएको विषय विभिन्न वंशावली, लेख र लोककथामा उल्लेख गरिएको पाइन्छ । उक्त समयमा हात्ती आफैँमा शक्ति, सम्पत्ति र राजकीय अधिकारको प्रतीक मानिने र त्यसमा पनि सेतो हात्ती हुनुलाई असाधारण वैभव र उच्च प्रतिष्ठाको सङ्केतका रुपमा लिने गरिएको इतिहासका जानकार बताउँछन् । गढी परिसरमा वनभोजस्थलहरू निर्माण गरिएको वडाध्यक्ष पाख्रिनले जानकारी दिए । 'हामीले गढी क्षेत्रमा वनभोज खान आउनेलाई लक्षित गरी विभिन्न सातवटा 'पिकनिक सेड'हरू बनाएका छौँ,' उनले भने, 'प्रत्येक सेडको उपयोग गरेबापत एक हजार रुपैयाँ सेवा शुल्क लिने गरिएको छ, 'ड्राइ पिकनिक' आउनेका लागि भने रु ५०० सेवा शुल्क निर्धारण गरिएको छ ।' वनभोजका लागि आउनेबाहेक अन्यसँग भने कुनै प्रवेश शुल्क लिने नगरिएको उनले जानकारी दिए ।

पूर्वाधार निर्माणकै क्रममा दरबारको पश्चिमतर्फको भवन पुरातत्व विभागको रु २० लाख लगातमा निर्माण गरिएको छ । दरबार क्षेत्रकै पूर्वाधारका लागि गत वर्ष सङ्घीय बजेट रु तीन करोड विनियोजन भएकामा जेन्जी आन्दोलनपछि उक्त बजेटको कार्यान्वयन रोकिएर अन्ततः बजेट 'फ्रिज' भएको उनले जानकारी दिए । 'हामीले उक्त बजेटबाट पश्चिमतर्फको निर्मित भवनमा छाना हाल्ने योजना बनाएका थियौँ,' उनले भने, 'छानापश्चात् त्यहाँ सेनवंशीय राजाहरूसहित नेपाल एकीकरणपछिका विभिन्न ऐतिहासिक सामग्री सङ्कलन गरी सङ्ग्रहालय स्थापना गर्ने लक्ष्य राखिएको थियो ।' वडा कार्यालयको रु ११ लाख बजेटमा गढी परिसरको गङ्गाभीरमा सेनवंशी राजाहरूको स्मारक निर्माण गरिएको छ ।

### धार्मिक रुपमा पनि महत्वपूर्ण गन्तव्य

यहाँस्थित वंशगोपाल मन्दिर प्राचीन धार्मिक इतिहास र आस्थाको प्रतीक हो । मन्दिरभित्र रहेका भगवान् कृष्णको मूर्तिलाई फलामे साङ्लोले बाँधेर राखिनुले पनि मन्दिरप्रतिको चासो अझै बढाएको छ । मन्दिरका पुजारी चन्द्रप्रसाद घिमिरेका अनुसार कृष्णको मूर्तिलाई फलामे साङ्लाले बाँधेको सम्बन्धमा रोचक किंवदन्ती छ । किंवदन्तीअनुसार सेन राजाहरूले मन्दिरमा स्थापना गरिएका कृष्ण तत्कालीन समयमा दिउँसो मन्दिर भित्रै रहे पनि रातमा त्यहाँबाट विभिन्न ठाउँमा घुम्न निस्कन्थे रे । त्यस समयमा चितवनमा तोरी खेती हुन्थ्यो । उनले रातिराति त्यहाँ पुगेर तोरी माडेकै कारण चितवन माडी भन्ने गरिएको किंवदन्ती रहेको उनले जानकारी दिए ।

कृष्ण राति बाहिर जाने र बिहान मात्रै फर्कने गर्दा अनिष्ट आइपर्ला भनेर उनलाई तत्कालीन समयमा गाउँलेले फलामे साङ्लोले बाँधेर राखेको किंवदन्ती रहेको घिमिरेले जानकारी दिए । दरबार परिसरमा वंश गोपालसहित पश्चिमतर्फ शिव मन्दिर रहेका छन् । यी मन्दिरमा मनोकामना पूरा हुने विश्वाससहित नयाँ वर्ष, कृष्ण जन्माष्टमी, हरिबोधनी एकादशीलगायतका तिथिमिति एवम् चाडपर्वमा ठूलो संख्यामा दर्शनार्थीहरू आउने गरेको उनले बताए । उनका अनुसार गढीभित्र वंश गोपाल र शिव मन्दिरसँगै पूर्वमा राजा बस्ने दरबार तथा पश्चिममा पाले पहरा तथा हातहतियार राख्ने भवन रहेको छ । परिसरभित्रै कारागार, खानेपानीको ट्र्याङ्की आदि रहेको उनले जानकारी दिए । यी प्राचीन महत्वका सम्पदाहरूलाई संरक्षण गरी पुस्तौँसम्म जोगाएर राख्नुपर्ने उनले बताए ।

### कवि कलाकारको पनि रोजाइमा पनि मकवानपुरगढी

इतिहासको गौरवमयी गाथासँगै धार्मिक एवम् पर्यटकीय गन्तव्य बनिरहँदा विभिन्न स्थानबाट कवि तथा कलाकारहरू यहाँ आउने गरेका छन् । कवि तथा कलाकारले यहाँ आएर यहीँको परिवेशमा रमाउँदै आफ्ना रचना सिर्जनासँगै त्यहाँको अवस्थितिलाई कलामा उतार्ने गरेका छन् । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञ सदस्य नगेन सिंहले आफूले २०७१ साल भदौमा मकवानपुरगढीमा आएर यहाँको दरबारसहितको परिवेशलाई कलामा उतारेको अनुभव सुनाउनुभयो । यस्ता ऐतिहासिक विरासत बोकेका गन्तव्यहरूको संरक्षणसँगै प्रवद्र्धन गर्न सकिएमा त्यसले आन्तरिक पर्यटनसँगै बाह्य पर्यटनको विकास भई राष्ट्रिय अर्थतन्त्रमा विशिष्ट योगदान पुऱ्याउने उनको भनाइ छ । रासस

## प्राचीन बनेपाको धार्मिक पहिचान:

# १२४ वर्षदेखि 'कन्या–पूजा'

राजकुमार पराजुली



**काभ्रेपलाञ्चोक ।**
प्राचीन, धार्मिक एवं ऐतिहासिक सहर बनेपा । जहाँ १२४ वर्षदेखि लगातार कन्यालाई देवीका रूपमा मान्दै पूजा गरिँदै आइएको छ । रजस्वला नभएका १० वर्षमुनिका कन्यालाई 'कन्या–पूजा' नाम दिइएको यस परम्परालाई यस वर्ष पनि निरन्तरता दिन स्थानीय सनातन कन्या–पूजा प्रबन्ध समितिले तयारी थालिसकेको छ । 'अमूर्त सांस्कृतिक–सम्पदा' नामकरण गरी वर्षौँदेखि बनेपाली उक्त पूजामा जुट्दै आएका छन् । विसं १९५९ देखि सांस्कृतिक–सम्पदा जोगाउँदै आएकामा गर्व गर्छन् बनेपाली । यस वर्ष यही भदौ १९ गते पूजाको आयोजना गरिएको छ । परम्पराअनुसार बनेपाको पुरानो बजारमा वर्षौंपिच्छे सप्तमी र कृष्ण जन्माष्टमीका दुई दिन पूजा गरिँदै आएको छ ।

नेवाः कन्या–पूजाको नाममा टिकट दिएर बनेपा नगरपालिका–८ दक्षुटोलमा उक्त पूजा आयोजना गरिन्छ । पूजामा भने बर्सेनि करिब दुई हजारदेखि दुई हजार ५०० कन्या सहभागी हुने गर्दछन् । पछिल्ला वर्षमा यो संख्या बढ्दै गएको छ । मुख्य पूजा भने सनातन कन्या–पूजा प्रबन्ध समितिमार्फत बनेपामा कन्यालाई 'सवा–शताब्दी'देखि पुज्दै आइएको हो । नेपालको काभ्रेपलाञ्चोक जिल्लाबाहेक अन्य स्थानमा यस्तो पूजा गरिएको पाइँदैन । रजस्वला नभएका तथा 'वेल–विवाह' नगरिएका कन्यालाई पुज्ने व्यक्ति निरोगी भई 'मनले चिताएको' पुग्ने मान्यता रहिआएको छ । यस मान्यताका साथ पछिल्ला केही वर्षदेखि काभ्रेपलाञ्चोकको विभिन्न बजार तथा बस्तीमा श्रीकृष्ण जन्माष्टमीको अवसरमा पुज्ने प्रचलन विस्तार भएको छ । समितिका अनुसार उक्त पूजामा सहभागी हुने करिब आठ हजार कन्याका लागि ३२ हजार स्वारीसहितका सामग्री तयार पारिएको छ । कन्या पुज्नका लागि आवश्यक सामग्री तथा पुज्ने व्यक्तिको तय भइसकेको समितिका सचिव प्रकाश कायस्थले जानकारी दिए । उनका अनुसार बनेपा आसपास 'सात गाउँ' का कन्यालाई बनेपामा पूजा गरिँदै आएको परम्परालाई व्यवस्थित गर्न समिति नै गठन गरी निरन्तरता दिइएको छ ।

कृष्ण जन्माष्टमीको दिनमा गरिने मुख्य कन्या–पूजामा काभ्रेपलाञ्चोकलगायत छिमेकी जिल्लाबाट बर्सेनि करिब आठदेखि १० हजार हाराहारीमा कन्या सहभागी हुने गर्दछन् । बनेपा नगरको भोलाखाँ टोलदेखि लायकु दरबार तथा पुरानो बजार हुँदै चारदोबाटोसम्म सडकको दायाँबायाँ पेटीमा रजस्वला नभएका कन्या लस्करै बस्छन् । जनविश्वासका कारण कन्यालाई पुज्नेको ठूलो भीड लाग्ने गर्छ । त्यस दिन कन्यालाई पुज्न काठमाडौँ, भक्तपुर र ललितपुर तथा छिमेकी जिल्लाबाटसमेत भक्तजन आउने गरेका छन् । कन्या–पूजामा समितिमार्फत १३५ जना भक्तजनले दानदक्षिणा तथा प्रसाद, स्वारी र मालपुवा, पैसा, जेरी, बिस्कुट, छोकडा, काजु एवं विभिन्न प्रकारका मिठाई वितरण गर्दछन् । पूजामा सामेल प्रत्येक कन्याको टाउकोमा शुद्ध तोरीको तेल खन्याएर देवीसरह रातो टीका लगाइदिने प्रचलन छ ।

बनेपामा हुने कन्या–पूजामा प्रतिकन्या रु ५०० बराबरका सामग्री उपलब्ध गराइन्छ । गत वर्ष पनि करिब आठ हजार कन्याका लागि रु तीन करोडभन्दा बढी खर्च भएको समितिका उपाध्यक्ष सुरकृष्ण वैद्यले बताउनुभयो । उनका अनुसार दाताको सहयोगबाहेकको खर्च समितिका पदाधिकारीले नै व्यहोर्दै आएका छन् । किंवदन्तीअनुसार रजस्वला नभएका र वेलविवाह नगरिएका कन्याको लाममा देवकन्या, नागकन्या, गन्धर्वकन्या, किन्नरकन्या र किचकन्या मानवकन्याका भेषमा आउने भएकाले उनीहरूलाई आराध्यदेवी चण्डेश्वरी देवीकी कुमारी मानेर पूजा गरेमा सार्थक हुने विश्वास छ । बनेपा सात गाउँलाई राक्षसबाट मुक्त गराउन सफल चण्डेश्वरी देवीको रूपमा 'कन्या'नै भएकाले कन्यालाई पुज्दै आएको बताइन्छ । कन्याको स्वागत एवं सम्मानमा लागि बनेपाका नेवार समुदायले विभिन्न प्रकारका झाँकी र बाजासमेत बजाउँछन् । भोछिभोया खलक चण्डेश्वरीका सन्तति मानिने भएकाले कुनै जाति या वर्गको आधारमा भेदभाव नराखी उपस्थित कन्याको पूजा गरिन्छ । बनेपा नपा–३ भोलाखाँ टोलमा गणेश र कुमारको पूजा भएपछि मात्र कन्यापूजा सुरु हुने गर्दछ । बनेपाको ऐतिहासिक लेखनअनुसार कुनै समय बनेपाका एक नेवार समुदाय (वैद्य)का व्यक्तिले धेरै दुःख भएपछि घरको बुइँगलमा राखेर कन्यालाई पूजा गरेका थिए । सुरुका वर्षमा नेवार समुदायका रजस्वला नभएका कन्यामात्रै पुजिँदै आएको र केही वर्षपछि सबै जातजातिका कन्यालाई पूजामा सामेल गराइएको स्थानीय बताउँछन् । पछिल्ला केही वर्षदेखि बनेपाका विभिन्न वडा तथा विभिन्न सङ्घसंस्थाले धुलिखेल, पनौती, पाँचखाल, दोलालघाटलगायतका स्थानमा कन्या पूजा आयोजना गर्दै आएका छन् । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# चन्द्र नहर ऐतिहासिक सम्पदाका रूपमा संरक्षण गरिने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले सप्तरीको फत्तेपुरस्थित चन्द्र नहरलाई नेपालको सिँचाइ इतिहासको महत्वपूर्ण सम्पदाका रूपमा संरक्षण र प्रवद्र्धन गर्ने प्रतिबद्धता जनाएका छन्।

मधेश प्रदेशका ऊर्जा तथा सिँचाइ प्रणालीको निरीक्षणका क्रममा फत्तेपुर पुगेका मन्त्री श्रेष्ठले स्थानीय जनप्रतिनिधि, सिँचाइ उपभोक्ता तथा सरोकारवालासँगको छलफलमा चन्द्र नहरलाई कृषि उत्पादनसँगै संरक्षण र पर्यटनसँग जोडेर विकास गर्नुपर्ने बताएका हुन्।

उनले चन्द्र नहरलाई आधुनिक सिँचाइ प्रणालीको ऐतिहासिक उदाहरणका रूपमा विकास गर्दै यसको सुरक्षा, मर्मतसम्भार र पुनरुद्धारका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरेर आवश्यक योजना बनाउन मन्त्रालय तयार रहेको बताए।

नहरको दीर्घकालीन संरक्षण सरकारको मात्र जिम्मेवारी नभई स्थानीय तह, उपभोक्ता संस्था र समुदायको समेत साझा दायित्व भएको मन्त्री श्रेष्ठको भनाइ छ । सिँचाइ पूर्वाधारले खेतबारीमा पानी पु-याउने मात्र नभई कृषि उत्पादन, स्थानीय अर्थतन्त्र, रोजगारी र पर्यटन प्रवद्र्धनमा समेत योगदान पुऱ्याउने उनले बताए।

चन्द्रशमशेरको शासनकालमा निर्माण सुरु भएको चन्द्र नहरलाई नेपालको पहिलो आधुनिक राज्यनिर्मित सिँचाइ प्रणालीका रूपमा चिनिन्छ । त्रियुगा नदीबाट पानी ल्याएर सप्तरीका करिब १० हजार ५०० हेक्टर कृषि भूमिमा सिँचाइ सुविधा पु¥याउने लक्ष्यसहित निर्माण गरिएको यो प्रणाली एक शताब्दीभन्दा पुरानो पूर्वाधार हो।

करिब एक शताब्दीअघि निर्माण भएको संरचनाले अहिले पनि किसानका खेतमा पानी पु-याइरहनु महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले यसको ऐतिहासिक तथा प्राविधिक महत्व नयाँ पुस्तासम्म पुऱ्याउनुपर्ने बताए।

चन्द्र नहरलाई अन्तर्राष्ट्रिय सिँचाइ तथा जलनिकास आयोगको 'हेरिटेज इरिगेसन स्ट्रक्चर्स' सूचीमा समावेश गर्न सिफारिस गर्ने विषयमा मन्त्रालयले गम्भीरतापूर्वक काम अघि बढाइरहेको उनले जानकारी दिए।

यसअघि चन्द्र नहरको जीर्ण संरचना सुधार गर्न जापान सरकारको अनुदान सहयोगमा पूर्वी तराई क्षेत्र सिँचाइ प्रणाली जीर्णोद्धार आयोजना सञ्चालन गरिएको थियो।

करिब २.२५६ अर्ब जापानी येन अनुदानमा सम्पन्न आयोजनाअन्तर्गत नहर प्रणालीका ३२ वटा संरचना मर्मत तथा पुनर्निर्माण गरिएको छ।

आयोजनाअन्तर्गत आठ नहर अन्डरपास, नौ क्रस–ड्रेनेज संरचना र १५ नहर पार गर्ने पुल निर्माण तथा सुधार गरिएको थियो।

जीर्ण संरचनाका कारण नहरको पानी प्रवाह डिजाइन क्षमताको करिब ८० प्रतिशतमा सीमित हुनुका साथै चुहावट बढेको र संरचना भत्किने जोखिमसमेत बढेपछि जीर्णोद्धार गरिएको थियो।

जीर्णोद्धारपछि वास्तविक सिँचित क्षेत्र करिब पाँच हजार ५०० हेक्टरबाट बढाएर १० हजार ५०० हेक्टर पुऱ्याउने तथा वर्षे धानको उत्पादकत्व प्रतिहेक्टर ३.६५ टनबाट ४.३८ टन पु¥याउने लक्ष्य राखिएको थियो।

त्रियुगा नदीमा आधारित चन्द्र नहर सप्तरीको कृषि उत्पादन र खाद्य सुरक्षाका लागि महत्वपूर्ण सिँचाइ प्रणाली हो । यसको दिगोपना जिल्लाका हजारौँ किसानको उत्पादनसँग प्रत्यक्ष रूपमा जोडिएको छ।

मन्त्री श्रेष्ठले नहरको मूल संरचनादेखि शाखा–प्रशाखा प्रणालीसम्म नियमित मर्मतसम्भार आवश्यक रहेको बताउँदै उपभोक्ता संस्था र स्थानीय तहलाई समेत संरक्षणमा सक्रिय हुन आग्रह गरेका छन्।

## गृहिणीदेखि उद्यमीसम्म:
# मधेशमा बढ्दै महिला सहभागिता

**जनकपुरधाम।**
धनुषाधाम नगरपालिका–४ अम्बिका श्रेष्ठ यतिबेला गाउँ नजिकैको चौकमा जेनरल स्टोर्स सञ्चालन गरिरहेकी छन्।

गत वर्षको असोजमा घरेलु तथा साना उद्योग कार्यालय धनुषामा जेनरल स्टोर्स दर्ता गराएकी उनी यतिबेला असल गृहिणीसँगै सफल व्यापारी बन्ने अभियानमा छिन् । प्रारम्भमा श्रीमान्लाई सञ्चालक बनाएर जेनरल स्टोर्स दर्ता गराउने सोच बनाएकी श्रेष्ठले सरकारले दिएको छुट सुविधाका कारण आफ्नै नाममा जेनरल स्टोर्स दर्ता गराइन्।

विगत घरकै काममा मात्र सीमित धनुषाकै सहिद नगरपालिका–५ की सुनिता साह यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर यदुकाहा बजारमा व्यवसायी गर्दै आएकी छन् । सुनिता र अम्बिका मात्रै होइनन्, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई सहुलियत दिएपछि मधेश प्रदेशका जिल्लामा महिला उद्योगी व्यवसायीको संख्या बढ्दै गएको छ।

कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने संख्या न्यून रहेको मधेश प्रदेशमा केही समय यता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको हो । सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीको दर्तामा ३५ प्रतिशत मात्र दस्तुत लाग्ने व्यवस्था गरेपछि महिलालाई सञ्चालक बनाएर उद्योग व्यापार दत्र्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय धनुषाका प्रमुख सन्तोषकुमार साहले बताए।

हाल दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग व्यापार दर्ता हुने गरेकोमा करिब ७० प्रतिशत उद्योग व्यापार व्यवसाय महिलाकै नाममा दर्ता हुने गरेको प्रमुख साहको भनाइ छ। महिलाको नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ, ब्यूटी पार्लर रहेका छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन बढी रहेको छ।

मधेश प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका आठवटै जिल्लाका चार हजार ८ सय ७८ महिलाले रोजगारी पाएका छन् । त्यसमध्ये सबैभन्दा बढी बारामा एक हजार ४ सय ७३, पर्सामा एक हजार २ सय २७, रौतहटमा ३ सय ८५, सर्लाहीमा ५७५, महोत्तरीमा ३ सय ७५, सप्तरीमा ३ सय ६३, धनुषामा ३ सय ४४ र सिरहामा १ सय ३६ जना महिलाले रोजगारी पाएको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले जानकारी दिए।

उनका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ। यो अवधिमा पर्सामा एक हजार १ सय १, धनुषामा ७ सय ७७, बारामा ६ सय ३९, सर्लाहीमा ६ सय ३६, सिरहामा ५ सय ५४, रौतहटमा ५ सय ३३, महोत्तरीमा ५ सय १४ र सप्तरीमा ३ सय १४ वटा नयाँ उद्योग दर्ता भएकोछ । गत आव २०८२/८३ मा यस प्रदेशमा सात हजार ५ सय ४० वटा उद्योगको नवीकरण भएको छ।

गत आव २०८२/८३ मा वाणिज्यतर्फ प्राइभेट फर्म छ हजार १ सय २२ र साझेदारी फर्म १८ वटा नयाँ दर्ता हुँदा ११ हजार १ सय ४४ वटा नवीकरण भएको छ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरणलगायत शीर्षकबाट पाँच करोड २६ लाख ४९ हजार ५ सय ६२ रुपयाँ राजस्व सङ्कलन भएको छ । सरकारले महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुतमा छुट दिनु, स्थानीय प्रशासनले उद्योग व्यवसायी दर्ताका लागि कडाई गर्नु र बैंक तथा बित्तिय संस्थाहरुबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुन सक्नेलगायत कारण घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय वीरगंजका प्रमुख पवन पजियारको भनाइ छ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वउपाध्यक्ष अम्बू साहले भने, 'पछिल्लो समय महिलालाई उद्योग व्यापारको मालिका बनाउन थालिएको छ, यो सकारात्मक कुरा हो।' उद्योग व्यवसाय सञ्चालनमा महिलाको सहभागिता बढ्दै जाँदा महिलालाई सशक्तीकरणका माध्यमबाट समाज रुपान्तरणमा योगदान पुगेको उनको भनाइ छ। रासस

# मधेश सरकारद्वारा प्रहरीलाई १२ पिकअप

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश सरकारले नेपाल प्रहरीलाई १२ वटा पिकअप गाडी हस्तान्तरण गरेको छ । प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले खरिद गरेका ती सवारीसाधन सोमबार गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले नेपाल प्रहरीलाई हस्तान्तरण गरेका हुन्।

मन्त्री महतोका अनुसार प्रदेशका आठ जिल्ला प्रहरी कार्यालय र चार इलाका प्रहरी कार्यालयलाई लक्षित गरी सवारीसाधन उपलब्ध गराइएको हो। नयाँ गाडीले प्रहरीको दैनिक परिचालन तथा शान्तिसुरक्षा कायम गर्ने कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । गाडी प्राप्त गर्ने इलाका प्रहरी कार्यालयमा चन्द्रपुर, गरुडा, गोडैता र गडहिया रहेका छन्। बाँकी सवारीसाधन प्रदेशका विभिन्न जिल्ला प्रहरी कार्यालयमा पठाइने जनाइएको छ।

गाडी हस्तान्तरण कार्यक्रममा मन्त्रालयका सचिव विन्देश्वरीप्रसाद लेखक, मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी ओमप्रसाद अधिकारीलगायतको उपस्थिति थियो । प्रदेश सरकारले प्रतिगाडी भ्याटसहित ३९ लाख ५ हजार रुपैयाँका दरले १२ वटा पिकअप गाडी खरिद गरेको जनाएको छ।

# सांसदको कुरामा चौतारीलाई आपत्ति

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा निर्वाचन क्षेत्र नम्बर १ का सांसद बुद्धिप्रसाद पन्त सम्बन्धी प्रकाशित समाचारलाई लिएर प्रेस चौतारी नेपाल, पर्सा शाखाले आपत्ति जनाएको छ।

चौतारी पर्साका सचिव कृष्ण कुशवाहले हस्ताक्षर गरेको विज्ञप्तिमा समाचार प्रकाशनको विषयलाई लिएर सञ्चारमाध्यमका सम्पादक तथा सञ्चालकविरुद्ध मुद्दा दर्ता, पक्राउ पुर्जी जारी गर्ने तथा धरपकडको वातावरण सिर्जना गर्ने कार्यप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

सार्वजनिक पदमा रहेका व्यक्ति वा जनप्रतिनिधिका गतिविधिमाथि प्रश्न उठाउने, तथ्य सार्वजनिक गर्ने तथा सम्बन्धित पक्षको धारणा समेटेर समाचार सम्प्रेषण गर्नु पत्रकारको संवैधानिक अधिकार र व्यावसायिक दायित्व भएको जनाउदै विज्ञप्तीमा, प्रकाशित समाचारप्रति असहमति, गुनासो वा आपत्ति भए कानुनी तथा संस्थागत उपचारका लागि प्रेस काउन्सिल नेपाललगायत सम्बन्धित निकायमा जाने व्यवस्था हुँदाहुँदै सत्ता र शक्तिको दुरुपयोग गरी पत्रकारलाई तर्साउने तथा दबाबमा पार्ने प्रयास स्वीकार्य नहुने प्रस्ट पारेको छ।



विज्ञप्तिमा पत्रकारहरू आफैं अदालतमा उपस्थित भई साधारण तारेखमा रिहा भइसकेको अवस्थामा, मुद्दाको भय देखाएर प्रेसलाई मौन गराउने, निर्भीक पत्रकारिताको मनोबल गिराउने तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रयास कुनै पनि हालतमा स्वीकार्य नहुने प्रेस चौतारी नेपाल पर्साले जनाएको छ।

प्रेस स्वतन्त्रता नेपालको संविधानले सुनिश्चित गरेको मौलिक अधिकार भएको उल्लेख गर्दै संगठनले सञ्चार संस्था तथा पत्रकारमाथि सिर्जना गरिएको अनावश्यक दबाब, धरपकड र भयको वातावरण तत्काल अन्त्य गर्न माग गरेको छ। साथै, घटनाको निष्पक्ष समीक्षा गरी पत्रकारिता क्षेत्रलाई निर्बाध रूपमा काम गर्ने वातावरण बनाउन सम्बन्धित पक्षसँग आग्रह गरिएको छ। प्रेस चौतारी नेपाल पर्साले आफ्ना माग सम्बोधन नभए प्रेस स्वतन्त्रताको रक्षाका लागि उचित प्रतिवाद तथा आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी समेत दिएको छ । संगठनले समाचारप्रति असहमति जनाउने अधिकार सम्बन्धित पक्षसँग भए पनि त्यसको समाधान कानुनी प्रक्रिया र प्रेससम्बन्धी स्थापित संयन्त्रमार्फत खोजिनुपर्नेमा जोड दिएको छ । पत्रकारलाई धम्की, दबाब वा धरपकडको वातावरण सिर्जना गरेर समाचार सम्प्रेषणमा असर पार्ने कार्यले प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिकूल प्रभाव पार्ने उसको भनाइ छ।

## गरिमा चौधरी हत्या प्रकरणले...

अपराधीलाई संरक्षण गर्ने प्रयासमा संलग्नलाई समेत हदैसम्मको कारबाही गर्न सरकारसँग माग गरिन्।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद श्रद्धा कुँवर क्षेत्रीले अपराधको प्रकृति र गम्भीरताका आधारमा कारबाही हुनुपर्ने बताइन् । उनले बलात्कार तथा जघन्य महिला हिंसाका घटनामा संलग्न अपराधीविरुद्ध कडा कानुनी व्यवस्था आवश्यक रहेको बताइन्।

नेपाली कम्युनिस्ट पार्टीकी सांसद बलावती शर्माले गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाले सिंगो राज्यलाई नै लज्जित बनाएको बताइन् । बालिकाहरू आफ्नै घरआँगनमा समेत असुरक्षित हुनुपर्ने र पीडित परिवारले न्यायका लागि सडकमा आन्दोलन गर्नुपर्ने अवस्था दुःखद् भएको भन्दै उनले बालिकालाई न्याय र परिवारलाई उचित क्षतिपूर्ति तत्काल उपलब्ध गराउन माग गरिन्।

रास्वपाकी सांसद अफ्साना बानुले भने जघन्य अपराधमा मृत्युदण्डको व्यवस्था गर्न संविधान संशोधन गर्नुपर्ने माग गरिन्।

आजीवन कारावासले अपराधीमा पर्याप्त डर सिर्जना गर्न नसकेको दाबी गर्दै उनले संविधानको धारा १६ को उपधारा २ संशोधन गरी जघन्य अपराधका हकमा मृत्युदण्डको व्यवस्था गर्न सरकारसँग माग गरिन्। रास्वपाका महामन्त्री एवं सांसद विपीन आचार्यले भने घटनापछि मृतकका परिवार र अभियुक्तसँग सम्बन्धित भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिएको भन्दै आपत्ति जनाए । उनले पीडित परिवार र अभियुक्तको संवेदनशील अवस्थालाई सार्वजनिक प्रदर्शनको विषय बनाउन नहुने बताए।

गरिमा चौधरीको बलात्कारपछि हत्या प्रकरणमा सरकार र स्थानीय प्रशासनको भूमिकामाथि प्रश्न उठिरहेका बेला सांसदहरूले राहत र औपचारिक सहमतिभन्दा दोषीलाई कानुनी दायरामा ल्याएर पीडित परिवारलाई न्यायको अनुभूति गराउनुपर्नेमा जोड दिएका छन् । घटनाले बालिकाको सुरक्षा, जघन्य अपराधमा राज्यको जवाफदेहिता तथा विद्यमान कानुनी व्यवस्थामाथि समेत प्रतिनिधिसभामा बहस चर्काएको छ।

# डोजर लगाएर भत्काइयो

**मधेशदृष्टि**
**जनकपुरधाम।**
लहान नगरपालिकाले वडा नम्बर–५ स्थित नयाँ बजार क्षेत्र अर्थात् गुदरी हटियामा रहेका सात वटा घरटहरा डोजर लगाएर भत्काएको छ।

नगरपालिकाले पटकपटक सूचना जारी गरी संरचना खाली गर्न आग्रह गरे पनि अटेर गरिएपछि डोजर लगाएर संरचना हटाइएको जनाएको छ। विकास निर्माणका लागि संरचना हटाउनुपर्ने भन्दै नगरपालिकाले व्यापारीलाई घरटहरा तथा पसलका सामान हटाएर सहयोग गर्न आग्रह गरेको थियो।

तर, व्यापारीहरूले भने नगरपालिकाले आफूहरूमाथि पक्षपात गरेको आरोप लगाएका छन् । बजार क्षेत्रमा करिब दुई सयभन्दा बढी घरटहरा रहे पनि सात वटा संरचना मात्रै भत्काइएको भन्दै उनीहरूले प्रश्न उठाएका हुन्।

नयाँ बजारका व्यापारी रामसुन्दर साहका अनुसार नगरपालिकाको सूचना पाएपछि आफूहरू घरटहरा खाली गर्ने तयारीमा थिए । तर, बजार समिति र व्यापारीसँग थप छलफल नगरी बिहानै डोजर ल्याएर संरचना भत्काइएको उनले बताए।

व्यापारी सरस्वतीदेवी नायकले आफू तीन दशकभन्दा बढी समयदेखि सोही क्षेत्रमा व्यापार गर्दै आएको बताउँदै डोजर चलाउँदा घरभित्र रहेका सामानमा ठूलो क्षति पुगेको गुनासो गरिन्। उनले क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिन माग गरेकी छन्।

नयाँ बजार समितिका अध्यक्ष भोला रायले पनि नगरपालिकाले बजार समितिसँग समन्वय नगरी संरचना भत्काएको बताए । बजार



व्यवस्थापनका लागि घरटहरा हटाउने विषयमा यसअघि नै छलफल भए पनि व्यापारीसँग थप छलफलका लागि बैठक बस्नुअघि नै डोजर चलाइएको उनको भनाइ छ।

संरचना भत्काउने क्रममा विरोध गर्ने केही व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको र बजारमा टायर बालेर प्रदर्शनसमेत भएको बजार समितिले जनाएको छ । समितिले भत्काइएका संरचनाबाट भएको क्षतिको विवरण संकलन गरी क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा पहल गर्ने जनाएको छ।

यता, लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले संरचना हटाउने क्रममा कुनै पक्षपात नभएको दाबी गरेका छन् । नगरपालिकाको करिब दुई बिघा जग्गामा तीन वटा नयाँ भवन निर्माण भइरहेको र ती भवनमा ७२ वटा कोठा बनाएर नयाँ बजारका व्यापारीलाई व्यवस्थापन गर्ने योजना रहेको उनले बताए।

पुराना संरचना हटाउन पटकपटक सूचना जारी गरे पनि अटेर गरिएपछि अन्तिम विकल्पका रूपमा डोजर प्रयोग गरिएको नगर प्रमुख चौधरीको भनाइ छ । बजार क्षेत्रमा रहेका अवैध तथा पुराना संरचना क्रमशः हटाइने उनले बताए।

सात वटा संरचना मात्रै किन भत्काइएको भन्ने प्रश्नमा नगर प्रमुख चौधरीले आवश्यक प्रक्रिया पूरा गर्दै बाँकी संरचना पनि हटाइने बताएका छन्।

नगरपालिकाले नयाँ संरचना निर्माण गरी बजारलाई व्यवस्थित गर्ने योजना अघि सारेको भए पनि प्रभावित व्यापारीहरूले भने भत्काइएका संरचनाबाट भएको क्षतिको मूल्यांकन गरी उचित क्षतिपूर्ति दिन माग गरेका छन्।

# विद्यार्थीलाई मानव बेचविखन तथा हिंसाविरुद्ध सचेतना

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित हरि खेतान बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई मानव बेचबिखन तथा लैङ्गिक हिंसाविरुद्ध सचेत गराइएको छ । आफन्त नेपाल र ग्रीनसिटी सामुदायिक प्रहरी केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा भएको सचेतनामूलक कार्यक्रममा विद्यार्थीलाई मानव बेचबिखनका आधुनिक स्वरूप, लैङ्गिक हिंसाका प्रकार, जोखिम तथा रोकथामका उपायबारे जानकारी गराइएको हो।

कार्यक्रमका प्रमुख अतिथि वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख प्रहरी निरीक्षक विक्रम सुवेदीले मानव बेचबिखन र लैङ्गिक हिंसा सामाजिक अपराध भएकाले यस्ता घटनाबाट जोगिन सबैभन्दा पहिले आफू सचेत हुनुपर्ने बताए । प्रविधिको दुरुपयोगसँगै पछिल्लो समय मानव बेचबिखनका शैलीसमेत परिवर्तन भइरहेको उल्लेख गर्दै उनले शङ्कास्पद प्रलोभन वा गतिविधि देखिए तत्काल प्रहरी वा सम्बन्धित निकायमा जानकारी गराउन आग्रह गरे।

समाज परिवर्तनमा युवा तथा विद्यार्थीको भूमिका महत्वपूर्ण रहेको बताउँदै प्रहरी निरीक्षक सुवेदीले विद्यार्थीले कार्यक्रममा सिकेका विषय परिवार, टोल र समुदायसम्म पु¥याउन सके सुरक्षित तथा हिंसामुक्त समाज निर्माणमा सहयोग पुग्ने बताए । कार्यक्रममा आयोजक संस्थाका प्रतिनिधिले मानव बेचबिखन तथा हिंसाबाट जोगिन अपनाउनुपर्ने सावधानी, सुरक्षित वैदेशिक रोजगारी र सुरक्षित इन्टरनेट प्रयोगबारे समेत विद्यार्थीलाई जानकारी गराएका थिए । ग्रीनसिटी सामुदायिक प्रहरी केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानले यस्ता सचेतनामूलक कार्यक्रमले सम्भावित जोखिम पहिचान गर्न विद्यार्थीलाई सहयोग पुग्ने बताए । कार्यक्रममा कलेजका शिक्षक तथा विद्यार्थीको उल्लेख्य सहभागिता रहेको थियो। आयोजकले आगामी दिनमा पनि मानव बेचबिखन, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृतिविरुद्ध सचेतनामूलक अभियानलाई निरन्तरता दिने जनाएको छ।

# सीमा नाघेर मुख्यमन्त्रीको भारत भ्रमण

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव संघीय सरकारको सहमति नलिई भारत भ्रमणमा गएको विषय सार्वजनिक चासोमा आएको छ।

मुख्यमन्त्री यादव भने आफ्नो भ्रमण व्यक्तिगत तथा धार्मिक प्रकृतिको भएकाले संघीय सरकारको सहमति आवश्यक नपरेको बताएका छन्।

प्रदेश सरकारका गृहमन्त्री फकिरा महतोका अनुसार मुख्यमन्त्री यादव गत शुक्रबार भारतको देवघरस्थित बाबा वैद्यनाथ धाम (बाबाधाम) भ्रमणका लागि भारत गएका हुन्। उनीसँग प्रदेश सरकारका केही मन्त्री र स्वकीय सचिवसमेत रहेको महतोले जानकारी दिए।

मुख्यमन्त्री यादव भारत भ्रमणका क्रममा धार्मिक तथा सांस्कृतिक कार्यक्रममा सहभागी भएको स्रोतले जनाएको छ । उनी आइतबार राति नै मधेश प्रदेश फर्किएका छन्। विदेश भ्रमणका विषयमा प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीले संघीय सरकारसँग समन्वय र स्वीकृति लिने अभ्यास रहँदै आएको छ।

यसअघि मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत र सतिश सिंहको विदेश भ्रमणका लागि संघीय सरकारबाट स्वीकृति दिइएको निर्णयसमेत सार्वजनिक अभिलेखमा रहेको बताइएको छ।

# पोखरी अतिक्रमण हटाउने अभियानमा निष्पक्षता माग

**मधेशदृष्टि**
**जनकपुर।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले जनकपुरधाममा सार्वजनिक जग्गा तथा पोखरी अतिक्रमण हटाउने अभियान निष्पक्ष हुनुपर्ने बताएका छन्।

उनले अतिक्रमण हटाउने नाममा गरिब तथा विपन्नका संरचना मात्रै हटाएर पहुँचवाला व्यक्तिका संरचनालाई संरक्षण गर्ने अवस्था आउन नहुनेमा सरकारको ध्यानाकर्षण गराए। सोमबार प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै सांसद झाले शनिबारदेखि जनकपुरधाममा सार्वजनिक जग्गा र पोखरी अतिक्रमण गरी बनाइएका संरचना हटाउन डोजर सञ्चालन भइरहेको विषय उठाएका हुन्। उनका अनुसार अभियानअन्तर्गत हालसम्म सात वटा पोखरी र ६५ वटा घर खाली गराइएको छ। तर, अभियान कमजोर तथा विपन्न वर्गका बस्तीमा मात्रै केन्द्रित हुने हो कि भन्ने आशङ्का स्थानीयमा रहेको उनले बताए।

उनले गुठी संस्थानसँग समन्वय गरी पोखरी अतिक्रमण गरेर निर्माण गरिएका होटल, अस्पतालका पार्किङ तथा अन्य व्यावसायिक संरचनासमेत हटाउनुपर्ने बताए। यस्ता संरचना आगामी १५ दिनभित्र खाली गराउने तयारी रहेको उनको भनाइ छ।

सांसद झाले २०६२ सालमा भोजराज घिमिरेको नेतृत्वमा गठित आयोगको प्रतिवेदन उल्लेख गर्दै जनकपुरधाममा करिब ९५० बिघा सार्वजनिक जग्गा दुरुपयोग तथा अतिक्रमण भएको दाबी गरे। सोही प्रतिवेदनका आधारमा अहिले अतिक्रमण हटाउने काम अघि बढिरहेको उनले बताए । जनकपुरधाममा सार्वजनिक पोखरी तथा जग्गा संरक्षणका लागि संघीय सरकार र प्रधानमन्त्रीले देखाएको चासोप्रति आभार व्यक्त गर्दै झाले अभियानलाई समान र पारदर्शी ढंगले अघि बढाउन आग्रह गरे।

उनले अतिक्रमण हटाउने क्रममा वर्ग, पहुँच वा शक्तिका आधारमा फरक व्यवहार नगरी सबै अतिक्रमणकारीमाथि समान रूपमा कानुन लागू गर्नुपर्नेमा जोड दिए । '९५० बिघा सार्वजनिक जग्गा संरक्षण गरी राज्यको स्वामित्वमा फिर्ता ल्याउने अभियान सफल होस्। यसको लक्ष्य र प्रहार गरिबमाथि मात्र सीमित नहोस्,' उनले भने । जनकपुरधाममा सार्वजनिक पोखरी तथा जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने अभियान पछिल्लो समय तीव्र पारिएको छ। अभियानको स्थानीयस्तरमा समर्थन रहे पनि संरचना हटाउँदा हुने विस्थापन, क्षतिपूर्ति र अभियानको निष्पक्षताबारे प्रश्नसमेत उठिरहेका छन्।

# पर्सा राष्ट्रिय निकुञ्जमा बाघको संख्या ७१

**जनकपुरधाम।**
पर्सा राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या बढेसँगै संरक्षण व्यवस्थापनलाई अन्तरराष्ट्रिय मापदण्ड अनुकूल बनाउन बाघ संरक्षणका लागि सुनिश्चित व्यवस्थापन अन्तरराष्ट्रिय मापदण्ड (सिए टिएस) प्रमाणीकरण प्रक्रिया सुरु भएको छ।

सन् २०२२ मा ४१ वयस्क बाघ रहेको पर्सा निकुञ्जमा सन् २०२६ को गणनाअनुसार बाघको संख्या ७१ पुगेपछि संरक्षण उपलब्धिलाई दीर्घकालीन र गुणस्तरीय व्यवस्थापनमा रूपान्तरण गर्न सिए टिएस प्रक्रिया अघि बढाइएको हो।

यसै क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आयोजनामा पर्सा राष्ट्रिय निकुञ्जमा सम्पन्न सिए टिएस कार्यशालामा विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्य, निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडा, जेडएसएल नेपाल, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सुरक्षा निकाय, निकुञ्जका कर्मचारी, उपभोक्ता समिति तथा स्थानीय सरोकारवालाको सहभागिता थियो।

कार्यशालामा सिए टिएसको प्रारम्भिक तयारी, स्वमूल्याङ्कन, व्यवस्थापन सुधार, प्रमाण सङ्कलन तथा सरोकारवालाबीच समन्वयका विषयमा छलफल भएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जानकारी दिए।

कार्यशालामा वरिष्ठ इकोलोजिष्ट आचार्यले बाघको संख्या बढ्नु मात्र पर्याप्त नभई त्यसलाई दीर्घकालसम्म टिकाइराख्न बासस्थान, आहारा, सुरक्षा तथा समग्र व्यवस्थापनको गुणस्तरमा निरन्तर सुधार आवश्यक रहेको बताए। उनले सिए टिएसले बाघको संख्या मात्र नभई बाघ संरक्षणका लागि आवश्यक समग्र व्यवस्थापन प्रणालीलाई अन्तरराष्ट्रिय मापदण्डका आधारमा मूल्याङ्कन गर्ने भएकाले पर्साका लागि यो महत्वपूर्ण अवसर भएको बताए।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत खतिवडाले सन् २०२२ देखि २०२६ सम्म पर्सामा बाघको संख्या ४१ बाट बढेर ७१ पुग्नु संरक्षणको महत्वपूर्ण उपलब्धि भए पनि अबको चुनौती बाघसँगै स्थानीय समुदायलाई सुरक्षित राख्नु रहेको बताए। उनले संरक्षणबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ पाउने वातावरण निर्माण गर्न आवश्यक रहेको उल्लेख गरे।

उनका अनुसार निकुञ्जको 'बाघ मित्र अभियान'लाई सिए टिएस प्रक्रियासँग जोडेर मानव–बाघ सहअस्तित्व, समुदायको सुरक्षा, सचेतना तथा सहभागितालाई थप प्रभावकारी बनाउन सकिन्छ।

कार्यशालामा सहभागी सरोकारवालाले सिए टिएसलाई निकुञ्जले प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियाका रूपमा मात्र नभई निकुञ्ज, मध्यवर्ती क्षेत्र, सुरक्षा निकाय, संरक्षण साझेदार तथा स्थानीय समुदायको साझा अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका थिए।

सिए टिएसले बाघको संख्या मात्र नभई बासस्थान, आहारा, सुरक्षा, व्यवस्थापन, वैज्ञानिक अनुगमन, समुदायको सहभागिता, मानव–बाघ द्वन्द्व, पर्यटन तथा बाघको दीर्घकालीन अवस्थालगायत विषयको समग्र मूल्याङ्कन गर्नेछ।

अब दर्ता, स्वमूल्याङ्कन, सुधार योजना निर्माण, अनुपालनसम्बन्धी दस्तावेज तयारी, राष्ट्रिय समीक्षा, स्वतन्त्र मूल्याङ्कन तथा अन्तरराष्ट्रिय निर्णयसम्मको प्रक्रिया अघि बढाइनेछ। यस क्रममा बासस्थान तथा आहारा संरक्षण, चोरी–सिकार नियन्त्रण, स्मार्ट पेट्रोलिङ, मानव–बाघ द्वन्द्व व्यवस्थापन, वैज्ञानिक अनुगमन तथा समुदाय सहभागितालाई प्राथमिकता दिइने प्रमुख संरक्षण अधिकृत खतिवडाको भनाइ छ।

बाघको संख्या बढ्दै गएको अवस्थामा सिए टिएस प्रमाणीकरण प्रक्रियाले पर्सा राष्ट्रिय निकुञ्जको संरक्षण व्यवस्थापनलाई थप वैज्ञानिक, व्यवस्थित र अन्तरराष्ट्रिय मापदण्ड अनुकूल बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। संरक्षणको सफलता प्रमाणपत्र प्राप्त गर्नुमा मात्र नभई बाघ सुरक्षित, वन क्षेत्र स्वस्थ तथा स्थानीय समुदाय सुरक्षित र संरक्षणका सक्रिय साझेदार बन्नुमा निर्भर रहने उनले बताए।

# भारतबाटै बढेर आयो प्याजको भाउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा प्याजको मूल्य पछिल्लो एक वर्षको तुलनामा महंगो भएको छ । भारतबाट आयात हुने प्याजको मूल्य बढेसँगै त्यसको प्रत्यक्ष असर मधेशका उपभोक्तामा परेको छ। जनकपुरधाममा अहिले प्याज प्रतिकिलो १ सय रुपैयाँसम्म बिक्री भइरहेको स्थानीय व्यवासायीहरूले बताएका छन्।

प्याज महँगिएपछि चटपटे, पानीपुरी, समोसा तथा अन्य खाजा व्यवसायीले यसको प्रयोग घटाउन थालेका छन् । गृहिणीहरूले पनि दैनिक भान्सामा प्याजको खपत कम गर्न थालेको बताएका छन्।

आलु–प्याज व्यवसायी संघका महासचिव प्रकाश गजुरेलका अनुसार नेपाल प्याजका लागि करिब ९८ प्रतिशत भारतमा निर्भर छ।

भारतमा उत्पादन तथा आपूर्ति घट्नु, ढुवानीमा समस्या र चाडपर्वका बेला माग बढ्नु मूल्यवृद्धिका मुख्य कारण हुन् । भारतबाट नेपालसम्म प्याज ल्याउँदा ल्यान्डिङ कस्ट नै प्रतिकिलो ७० रुपैयाँभन्दा बढी पर्ने व्यवसायीको दाबी छ । भन्सार विभागका अनुसार चालु आर्थिक वर्ष २०८३÷८४ को पहिलो महिना साउनमा नेपालले भारतबाट १ करोड ७५ लाख १८ हजार ५६९ किलो प्याज आयात गरि सकेको छ।

यसको कुल आयात मूल्य ७१ करोड ८३ लाख ७ हजार रुपैयाँ रहेको छ भने सरकारले ६ करोड ४६ लाख ७० हजार रुपैयाँ भन्सार राजस्व संकलन गरेको छ।

# राम युवा कमिटीको स्थापना दिवसमा सामाजिक कार्यक्रम हुने

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित श्री राम युवा कमिटीले आफ्नो ३६औँ स्थापना दिवसको अवसरमा विभिन्न सामाजिक तथा सेवामूलक कार्यक्रम आयोजना गर्ने भएको छ।

स्थापना दिवसलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै कमिटीले सरसफाइ, वृक्षारोपण, दीप प्रज्ज्वलन, मानव सेवा आश्रममा निःशुल्क भोजन तथा रक्तदान कार्यक्रम आयोजना गर्न लागेको हो।

कमिटीका महासचिव सुभाष चन्द्र शाहका अनुसार भदौ ११ गते बिहान ७:३० बजे कमिटी परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम गरिनेछ । सोही दिन साँझ स्थापना दिवसको अवसरमा दीप प्रज्वलन कार्यक्रम आयोजना गरिनेछ।

त्यसैगरी, भदौ १२ गते शुक्रबार साँझ ६ बजे मानव सेवा आश्रममा आश्रित व्यक्तिहरूका लागि निःशुल्क भोजनको व्यवस्था गरिएको कमिटीले जनाएको छ।




स्थापना दिवसकै अवसरमा भदौ १३ गते शनिबार बिहान ७:३० बजेदेखि जनकचोकमा रक्तदान कार्यक्रम आयोजना गरिनेछ । रक्तदानमार्फत सामाजिक सेवामा योगदान पु¥याउने उद्देश्यले कार्यक्रम गर्न लागिएको महासचिव शाहले बताए।

कमिटीले स्थापना दिवसका अवसरमा आयोजना हुने सबै कार्यक्रममा संस्थापक अध्यक्ष, पूर्वअध्यक्ष, पूर्ववरिष्ठ निर्देशक, पूर्वनिर्देशक, पूर्व तथा वर्तमान पदाधिकारी, कार्यसमिति सदस्य तथा सम्पूर्ण सदस्यलाई सक्रिय सहभागिताका लागि आग्रह गरेको छ। कमिटीले स्थापना दिवसलाई उत्सवमा मात्र सीमित नराखी सामाजिक सेवा, मानवीय सहयोग र समुदायप्रतिको उत्तरदायित्वसँग जोडेर मनाउने तयारी गरेको जनाएको छ।

# सामुदायिक विद्यालयलाई सामाजिक परीक्षण गर्न निर्देशन



**मधेशदष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयलाई अनिवार्य रूपमा सामाजिक परीक्षण गरी प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ।

उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले सोमबार सूचना जारी गर्दै सामुदायिक विद्यालयहरूले सामाजिक परीक्षण नगरेको गुनासो आएको भन्दै सामाजिक परीक्षण गरी प्रतिवेदन पेश गर्न निर्देशन दिएको हो।

शाखा प्रमुख अन्जु पाण्डेयद्वारा हस्ताक्षरित पत्रमा शिक्षा नियमावली, २०५९ को नियम १७१क तथा विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम प्रत्येक सामुदायिक विद्यालयले सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था रहेको उल्लेख गरिएको छ।

उपमहानगरपालिकाले सामाजिक परीक्षण सम्पन्न गरी त्यसको प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद विकास शाखामा अनिवार्य रूपमा पेश गर्नसमेत भनेको छ । विद्यालयको शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय गतिविधिमा पारदर्शिता र जवाफदेहिता कायम गर्न सामाजिक परीक्षणलाई महत्वपूर्ण मानिन्छ। सामाजिक परीक्षणमार्फत विद्यालयको सञ्चालन, स्रोतको उपयोग, शैक्षिक उपलब्धि तथा विद्यालय र समुदायबीचको सम्बन्धलगायत विषयको समीक्षा गरिन्छ।

उपमहानगरपालिकाले नगर क्षेत्रका सबै सामुदायिक विद्यालयलाई तोकिएको व्यवस्थाअनुसार सामाजिक परीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गर्न आग्रह गरेको छ।

# सुनचाँदी संघको नयाँ कार्यालय स्थापना गरिने



**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
जनकपुरधामस्थित सुनचाँदी व्यवसायी संघको नयाँ कार्यालय सञ्चालन हुने भएको छ । सुनचाँदी व्यापारी संघका अध्यक्ष राजीव कुमार साह 'चन्दन'ले पत्रकारहरूसँग यस्तो बनाएका हुन्।

उनले आफ्नो तीन वर्षको कार्यकालमा जग्गा खरिद गर्ने र नयाँ भवन निर्माण गरिने बताए। चन्दनले थपे, 'मानव सेवा आश्रमलाई ५१ हजार रुपैयाँ र बेवारिसे शव दाहसंस्कारका लागि सामाजिक कार्यकर्ता पवन सिंघानियाले बनाएको कोषमा ५१ हजार रुपैयाँ दान गर्ने निर्णय भएको छ।'

त्यस्तै, वृद्ध सुनचाँदी व्यापारीलाई भारतीय तीर्थस्थलहरूमा निःशुल्क तीर्थयात्रा गराइन उनको योजना छ।

उनले सुनचाँदी पसलमा काम गर्ने भारतीय कारिगरले वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासबाट दूतावास कार्ड प्राप्त गर्ने कुरामा सन्तुष्टि व्यक्त गरे । भारतीय महावाणिज्यदूत देवी सहाय मीनाले यसमा सहमति जनाए।

# कांग्रेस स्थापनाकालदेखि नै धर्मनिरपेक्षताको समर्थक: निधि

**मधेशदृष्टि**
**जनकपुरधाम।**
पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले नेपाली कांग्रेस स्थापनाकालदेखि नै धर्मनिरपेक्षताको समर्थक रहँदै आएको बताएका छन् । उनले जननायक वीपी कोइराला पनि यसको समर्थक रहेको बताए। उनले पत्रकारहरूलाई हिन्दू राष्ट्रको विचार धोखाधडी हो भनेर लिखित रूपमा जानकारी गराएका स्मरण गरे।



नेपाली कांग्रेस, शेरबहादुर देउवा समूहको १५ औँ महाधिवेशनको तयारीका लागि आइतबार मसाला कटेजमा आयोजित अन्तरक्रियात्मक कार्यक्रममा पार्टी कार्यकर्ताहरूलाई सम्बोधन गर्दै निधिले यस्तो बताएका हुन्। उनले नेपाली कांग्रेसले आफ्नो घोषणापत्रमा धर्मनिरपेक्षता र लोकतन्त्रलाई सधैँ जोड दिएको बताए।

'आज अमेरिका, बेलायत र छिमेकी भारत जस्ता विकसित राष्ट्रहरू धर्मनिरपेक्ष राष्ट्र हुन्,' उनले भने, 'हिन्दू राष्ट्रको लागि प्रचार चलिरहेको छ भने धेरैले निरंकुश राजतन्त्र स्थापना गर्न हस्ताक्षर अभियान चलाइरहेका छन्। तर यो केवल सपना मात्र हो।'

निधिले राजा जनकको समयमा पनि आस्तिक र नास्तिकबीच भेदभाव रहेको बताए। 'चार्वाकले भगवानमा विश्वास गर्दैनथे; उनी नास्तिक थिए,' निधिले भने, 'नेपालमा सबै धर्मको समान अधिकार छ। यदि म हिन्दु हुँ भने, म गर्वका साथ भन्छु कि म हिन्दु हुँ। यदि शेरबहादुर देउवा हिन्दु हुन् भने, उनले मञ्चबाट आफू हिन्दु हुँ भन्नुपर्छ। अन्य धर्मका मानिसलाई पनि यो भन्न पाउने अधिकार छ।'

उनले भने कि वास्तविक नेपाली कांग्रेस शेरबहादुर देउवाको नेतृत्वमा रहेको कांग्रेस हो। 'हामी पक्कै पनि मुद्दा जित्नेछौँ, यदि होइन भने, देउवा गुटको नेपाली कांग्रेसले जिल्ला, पालिका र वडास्तरमा पदाधिकारी मनोनयनको लागि अहिलेदेखि नै तयारी सुरु गर्नुपर्छ र संगठनको लागि काम गर्नु पर्छ,' उनले भने।

लक्ष्मी नारायण यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला सचिव कन्हैया कर्ण, रामचन्द्र पंजियार, सुरेश चौधरी, प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, पूर्व सभापति माया शंकर गिरीलगायतका नेता तथा कार्यकर्ताको उपस्थिति थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन